# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

प्रेस विज्ञप्ति

मितिः- २०७६/५/३

वादी नेपाल सरकार प्रतिवादी गिरिस उपाध्याय भन्ने गिरिश न्यौपाने समेत भएको संगठित अपराध तथा ठगी मुद्दाको अनुसन्धानको क्रममा पक्राउमा परेका प्रतिवादीहरु मध्ये मोहम्मद नुरुलेन वारसी समेत जना-२ को साथबाट बरामदित नेपाली रकम रु.४२,००,०००।- (बयालीस लाख) र अपी सैपाल मिडिया प्रा.लि.को प्रभु बैंक खाता नं. ०२८००१००९२८१३१००००01 को कारोवार रकमको श्रोत सम्बन्धमा अनुसन्धान एवं कारवाहीको लागि पठाईएको भन्ने महानगरीय प्रहरी परिसर टेकु काठमाण्डौंको च.नं. १६०३६ मिति २०७६।०३।०८ गतेको पत्रबाट प्राप्त हुन आएको उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ एवं अनुसन्धान हुँदा प्रतिवादीहरु मोहम्मद नुरुलेन वारसी र मोहम्मद जिया खानले बरामदीत रकम रु. ४२,००,०००।- आर्जन गरेको बैधानिक स्रोत सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २८(१) बमोजिम पेश गर्न नसकी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २(श) मा उल्लेख भए बमोजिम अनुसूची-१ को देहाय (क), (झ), (थ) र (भ) बमोजिम तथा मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (१) र (२) बमोजिम सम्बद्ध कसूर गरि गैरकानूनी श्रोतबाट प्राप्त सम्पत्तिलाई रुपान्तरण गर्ने, लुकाउने र धारण गर्ने समेतका कार्य गरी गराई निज प्रतिवादीहरु मोहम्मद नुरुलेन वारसी र मोहम्मद जिया खानले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३(१) को देहाय (क)(ख) र (ग) बमोजिमको निषेधित कार्य गरी गराई सोही ऐनको दफा ३ को उपदफा (३) अनुसारको सम्पत्ति शुद्धीकरणको कसूर गरेको पुष्टि हुन आएको देखिंदा प्रतिवादीहरु नुरुलेन वारसी र मोहम्मद जिया खानलाई विगो रु. ४२,००,०००।- कायम गरी ऐ. ऐनको दफा ३०(१) बमोजिम विगोको दोब्बर जरिवाना र कसूरको गाम्भीर्यता अनुसार कैद सजाय हुन, प्रतिवादीहरुको साथबाट बरामद भएको रकम रु. ४२,००,०००।- सोही ऐनको दफा २८(२) र दफा ३४(१)(क) बमोजिम जफत हुन र कसूर गर्न प्रयोग गरिएको Toyota कम्पनीको Fortuner UP 32 HB 0111 नं. को भारतीय गाडी समेत सोही ऐनको दफा ३४(१)(ख) बमोजिम जफत हुन मागदाबी लिई र अपी साइपाल मिडिया प्रा.लि. का संचालक लोकेन्द्र साह समेतको प्रस्तुत बारदातमा सार्थक सम्बन्ध रहेको पुष्टि हुन आई निजले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को अनुसूची १ को (क) र (झ) तथा मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा २४९(१) र (२) विपरितको सम्बद्ध कसूर गरेको पुष्टी हुन आएकोले निजले अपि साइपाल मिडिया प्रा.लि. को नाममा गरेको जम्मा कारोबार रकम रु ३०,७९,५३०।- र प्रतिवादीहरु मोहम्मद नुरुलेन वारसी र मोहम्मद जिया खानबाट बरामद हुन आएको रु. ४२,००,०००।- समेत गरी जम्मा रु. ७२,७९,५३०।- लाई विगो कायम गरी प्रतिवादी लोकेन्द्र शाहलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३०(१) बमोजिम विगोको दोब्बर जरिवाना र कसूरको गाम्भिर्यता अनुसार कैद सजाय हुनका साथै अपी साइपाल मिडिया प्रा.लि. को नाममा रहेको प्रभु बैंकको खाता नं. ०२८००१००९२८१३१००००01 मा मौज्दात देखिएको रु. १०,५१०।- जफत हुन समेत मागदावी लिई मिति २०७६/५/१ गते सम्मानित विशेष अदालत काठमाडौं समक्ष अभियोग पत्र दायर गरिएको छ ।